# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्री लेखराज भट्टज्यूले पद सम्हाल्नु भएदेखि हालसम्म भएगरेका उल्लेखनीय कार्य तथा प्रगति विवरणहरू

(२०७७/६/१४)

## समग्रमा

१. कोभिड १९ संक्रमण जोखिम नियन्त्रण गर्न नेपाल सरकारले गत चैत्र ११ देखि जारी गरेको लकडाउन र बेला बेलामा विभिन्न ठाउँमा निषेधाज्ञाबाट आपूर्ति व्यवस्था सुचारु गर्न मन्त्रालयलय विशेष पहल गरेको थियो। उत्पादन, ढुवानी र आपूर्ति श्रृंखला व्यवस्थित गर्न गरिएको विशेष पहलको फलस्वरूप लकडाउन र निषेधाज्ञाको दौरान आपूर्ति व्यवस्थामा कुनै संकट आउन पाएन र अस्वाभाविक मूल्यवृद्धि पनि भएन।

२. कोभिड-१९ को विषम परिस्थितिका बाबजूद आर्थिक वर्ष २०७६/७७ मा रु. ३८ अर्ब ८७ करोड बराबरको विदेशी लगानी र ११,२९७ थप रोजगारी सिर्जना हुने प्रतिबद्धता प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा रु. २५ अर्ब ४८ करोड बराबरको मात्र विदेशी लगानी स्वीकृत भएको थियो।

३. कोभिड-१९ को समयमा पनि आर्थिक वर्ष २०७६/७७ मा अघिल्लो आर्थिक वर्षको तुलनामा ४९.१ प्रतिशत बढी विदेशी लगानी भित्रिएको छ। यस आर्थिक वर्षमा रु. १९ अर्ब ४८ करोड रुपैयाँ वैदेशिक लगानी प्राप्त भएको थियो। तर, कोभिड-१९ को कारण चालु आर्थिक वर्ष २०७७/७८ को पहिलो महिनामा अघिल्लो आर्थिक वर्षको पहिलो महिनाको तुलनामा ३.३ प्रतिशतले वैदेशिक लगानीमा कमी आई १ अर्ब ३९ करोड मात्र प्राप्त भएको छ।

४. गत आर्थिक वर्षमा समेत गरी नेपालमा हालसम्म ५०,६४९ वस्तुहरूको ट्रेडमार्क, ७६ पेटेण्ट र १९५ डिजाईन दर्ता भएका छन्। सो संख्यामध्ये गत आर्थिक वर्ष २०७६/७७ मा ३,०८० वटा दर्ता भएका थिए भने सोभन्दा अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा २,४६१ वटा दर्ता भएका थिए।

५. स्वदेशी श्रम, सीप, स्थानीय स्रोत र कच्चा पदार्थ र स्रोतको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको विकास गर्ने उद्देश्यका साथ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालनमा रहेको छ। यस आयोजनाबाट हालसम्म ३६ हजार २ सय

५० नयाँ लघु उद्यम संस्था विकास भएका छन् भने ५ हजार २ सय ७० लघु उद्यम संस्थाहरू स्तरोन्नति भएका छन्। गत आर्थिक वर्ष २०७६/७७ मा १०,७७० जना नयाँ उद्यमी सृजना गरिएको, ५,२७० जना उद्यमीको स्तरोन्नति गराइएको र ३,६१५ वटा प्रविधि वितरण गरिएको थियो। यसैगरी, लघु उद्यममा कूल १५,४५२ वटा रोजगारीका अवसर सृजना गराइएको छ।

६. औद्योगिकीकरणको लहर ल्याउने उद्देश्यले नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार गत आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्म विभिन्न ४५ वटा पालिकाहरूमा निर्माण गरिने ४५ वटा औद्योगिक ग्राम घोषणा गरिएको छ। यस आर्थिक वर्षको हालसम्म थप १३ वटा औद्योगिक ग्राम घोषणा गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गरिएको छ।

७. नेपाल सरकारको व्यापार तथा पारवहनका क्षेत्रको विस्तार तथा विविधिकरण गर्ने, निर्यात प्रबर्द्धन र आयात व्यवस्थापन मार्फत् बढ्दो व्यापार घाटा न्यूनीकरण गर्ने नीति रहेको छ। आ.व. २०७६/७७ को अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको तुलनामा १४.६ प्रतिशतले ह्रास आई रु. १२ खर्ब ९४ अर्ब ५१ करोडमा सीमित हुन पुगेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको छ।

८. आर्थिक वर्ष २०७६/७७ मा व्यापार घाटा अघिल्लो आर्थिक वर्षको भन्दा कम भएको छ। कोभिड-१९ का कारण आयातमा आएको संकुचन र निर्यात भने यथावत् रहेकाले व्यापार घाटामा कमी आएको हो। यस अघि आर्थिक वर्ष २०३९/४० र आर्थिक वर्ष २०५३/५४ मा मात्र व्यापार घाटा अघिल्लो आर्थिक वर्षभन्दा कम भएको थियो।

९. आर्थिक वर्ष २०७६/७७ मा निर्यातमा ०.६ प्रतिशतको नगण्य वृद्धि भई रु. ९७ अर्ब ७१ करोड बराबरको वस्तु निर्यात भएको थियो। कोभिड-१९ को महामारी शुरु हुनु अघि निर्यातमा २० प्रतिशतभन्दा माथिको वृद्धि थियो। यस आर्थिक वर्षमा आयातमा भने १५.६ प्रतिशतको गिरावट आई रु. ११ खर्ब ९६ अर्ब ८० करोड बराबरको आयात भएको थियो। आयातमा कमी आएको र निर्यात लगभग यथावत् रहेकाले यस वर्ष व्यापार घाटामा १६।८ प्रतिशतले कमी आई १०९९ अर्ब ९ करोड रुपैयाँ मात्र व्यापार घाटा भएको थियो, जबकि अघिल्लो आर्थिक वर्ष यस्तो व्यापार घाटा १३.५ प्रतिशतले बढेको थियो।

१०. आर्थिक वर्ष २०७७/७८ को पहिलो दुई महिनामा निर्यातमा १०.४८ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा भने निर्यात २७.८ प्रतिशतले बढेको थियो। कोभिड-१९ को प्रभाव कायमै रहेको समयमा पनि निर्यातको यो वृद्धिलाई सन्तोषजनक नै मान्नुपर्दछ। यस अवधिमा आयात भने २२.०७ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको पहिलो दुई महिनामा आयात १.२२ प्रतिशतले कम भएको थियो।

११. व्यापार घाटामा हुने उतारचढावसँगै निर्यात-आयात अनुपातमा पनि परिवर्तन हुने गरेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात ८.२ प्रतिशत थियो भने आर्थिक वर्ष २०७७/७८ को पहिलो महिनामा ११.२ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०३२/३३ मा ५९.८ प्रतिशत रहेको यस्तो अनुपात आर्थिक वर्ष २०६०/६१ यता ४० प्रतिशत नाघ्न सकेको छैन भने आर्थिक वर्ष २०६४/६५ पछि ३० प्रतिशत र आर्थिक वर्ष २०७२/७३ पछि १० प्रतिशत नाघ्न सकेको छैन। चालु आर्थिक वर्ष २०७७/७८ को प्रवृत्ति कायमै राख्न सकिएमा यो वर्ष निर्यात(आयात अनुपात दोहोरो अङ्कमा राख्न सकिन्छ।

१२. प्रविधिमा आएको परिवर्तन, विद्युतको उपलब्धता, जनसङ्ख्या एवं देशको आर्थिक वृद्धि समेतको गहन विश्लेषणका आधारमा सन् २०३४ सम्मको पेट्रोलियम पदार्थको मागको प्रक्षेपण गरी सो अनुरूप पेट्रोलियम पदार्थको भण्डारण र आपूर्तिका लागि पूर्वाधार निर्माण र आपूर्ति व्यवस्थापनको योजना तयार गरिएको छ। यस प्रयोजनका लागि आवश्यक जग्गा खरिद गरिएको छ।प्रादेशिक संरचना बमोजिम प्रत्येक प्रदेशमा कम्तीमा एक एक वटा अन्तर्राष्ट्रिय स्तरको वातावरणमैत्री र सुरक्षित पेट्रोलियम पदार्थको भण्डारण क्षमता वृद्धि गर्ने गरी को प्रदेशगत रुपमा पेट्रोलियम भण्डारण गृह निर्माण गर्ने कार्यारम्भ भएको छ।

१३. मूल्यवृद्धि नियन्त्रणभित्रै रहेको छ। आर्थिक वर्ष २०७६/७७ को असारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.८ प्रतिशत रहेको छ, जुन अघिल्लो असारमा ६ प्रतिशत थियो। आर्थिक वर्ष २०७६/७७ को वार्षिक औसत उपभोक्ता मुद्रास्फीति भने ६.२ प्रतिशत रहेको छ।

१४. कोभिड-१९ का कारण देशव्यापी रूपमा गरिएको बन्दाबन्दीको समय (चैतदेखि असारसम्म) मा समेत औसत मुद्रास्फीति ५.५ प्रतिशतमा सीमित भएको छ। बन्दाबन्दीको समयमा उपभोग्य सामग्रीहरूको अभाव हुन नदिन र मूल्यवृद्धि हुन नदिन गरिएको प्रयासका कारण यो अवधिको मुद्रास्फीति दरमा नियन्त्रण गर्न सकिएको हो। यसका अतिरिक्त यो अवधिमा

वस्तु तथा सेवाको कुल माग कम भएको, तरकारी लगायतका केही खाद्यवस्तुको आन्तरिक उत्पादन बढेको र गैर खाद्यवस्तुको मागमा कमी आएका कारण पनि मुद्रास्फीतिमा कमी आएको हो।

१५. आर्थिक वर्ष २०७७/७८ को पहिलो महिनामा मुद्रास्फीति ३।५ प्रतिशतमा कायम रहेको छ। वर्षाको समय भएकाले तरकारीको मूल्यमा वृद्धि भएको देखिएता पनि गत वर्षको तुलनामा अस्वाभाविक मूल्यवृद्धि नभएको र अन्य उपभोग्य वस्तुहरूको मूल्यमा समेत ठूलो वृद्धि नभएकाले मुद्रास्फीतिलाई तलै राख्न सकिएको हो।

## आर्थिक वर्ष २०७६/७७ मा जारी र संशोधन भएका ऐन, नियम र कार्यविधि

### १६. पारित भएका ऐन, नियम र कार्यविधि

- औद्योगिक व्यवसाय ऐन, २०७६
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ मा संशोधन गर्न बनेको विधेयक, २०७६
- उपभोक्ता संरक्षण नियमावली, २०७६
- स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६
- वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६
- प्राइभेट फर्म रजिष्ट्रेशन (बाह्रौं संशोधन) नियमावली, २०७६
- मन्त्रालय अन्तर्गतका संस्थान तथा निकायमा कार्यकारी प्रमुख नियुक्ति सम्बन्धी मापदण्ड २०७७

### १७. संघीय संसदमा पेश भएका विधेयकहरू

- निकासी पैठारी सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६
- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक,२०७६
- स्टाण्डर्ड नाप तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक,२०७६
- प्रत्यायन (Accreditation) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६

### १८. मन्त्रिपरिषद्मा छलफलमा रहेका ऐन, नियम, कार्यविधि र निर्देशिका

- कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक
- दामासाही सम्बन्धी ऐन २०६३ मा केही नेपाल ऐन मार्फत संशोधन गर्न बनेको विधेयक,२०७६

- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन,२०७५ मा केही नेपाल ऐन मार्फत संशोधन गर्न बनेको विधेयक २०७६
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७
- लघु उद्यम मार्फत् गरिबी निवारण सम्बन्धी निर्देशिका २०७७
- सेफगार्डस्, एन्टी डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग नियमावली, २०७७
- उत्पति प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७
- निर्यातमा नगद प्रोत्साहन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७७
- पाइपलाइनबाट पेट्रोलियम पदार्थको ढुवानी (सुरक्षा तथा नियमन) आदेश, २०७६

## १९. मन्त्रिपरिषदसमक्ष पेश गर्ने चरणमा भएका ऐन, नियम, कार्यविधि र निर्देशिका

- नेपाल बन्दरगाह प्राधिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७,
- खानी तथा खनिज पदार्थ ऐन, २०४२ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७७
- औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी ९पहिलो संशोधन० कार्यविधि, २०७७,
- लघु, घरेलु तथा साना उद्योग प्रवद्र्धन केन्द्रबाट दिईने तालिम सम्बन्धी निर्देशिका, २०७७
- कार्यस्थलमा आधारित प्रशिक्षण कार्यक्रम सम्बन्धी निर्देशिका, २०७७
- पेट्रोलियम पदार्थ तथा मूल्य स्थिरिकरण कोष (दोस्रो संशोधन) नियमावली २०७७
- विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) नियमावली, २०७४
- बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७७
- फर्म दर्ता तथा व्यवसाय नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७,
- औद्योगिक व्यवसाय नियमावली, २०७७
- विद्युतीय माध्यमद्वारा संचालन गरिने व्यापार (इ बिजनेस) सम्बन्धी विधेयक, २०७७
- नव उद्यमीलाई लक्षित गरी स्टार्ट अप सम्बन्धी नीति, २०७७
- दामासाही सम्बन्धी ऐन २०६३ संशोधन सम्बन्धी विधेयक २०७७

## विभिन्न क्षेत्रमा हासिल भएका थप उपलब्धिहरू

### २०. लगानी तथा व्यवसायिक वातावरण निर्माणतर्फ

- लगानी प्रवर्द्धनसँग सम्बन्धित एक आपसमा बाझिएका विभिन्न मन्त्रालय तथा निकाय सम्बद्ध कानूनहरूको एकमुष्ट संशोधन गर्ने उद्देश्यले केही नेपाल ऐन संशोधन सम्बन्धी विधेयक पेश गर्न पछिल्लो पटक बसेको औद्योगिक तथा लगानी प्रर्वद्धन बोर्डले यस मन्त्रालयको सहसचिवको संयोजकत्वमा एक कार्यदल गठन गरेको। सो बमोजिम कार्यदलले मस्यौदा तयार गर्ने कार्य गरिरहेको।
- नेपालमा चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरूको एसेम्बलीङ (Assembling) उद्योग स्थापना र सफलतापूर्वक संचालनमा सरकार र अन्य पक्षले गर्नुपर्ने पहलका बारेमा कार्ययोजनासहित सिफारिस गर्न मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक अध्ययन र सिफारिस समिति हाल गठन भई कार्यरत रहेको।
- कृषि क्षेत्रमा वैदेशिक लगानी ल्याउने बारेमा उद्योग विभागको महानिर्देशकको संयोजकत्वमा एक विज्ञ कार्यदलले अध्ययन गरिहेको।
- लगानीलाई सहजीकरण गर्न उद्योग विभागमा गत आर्थिक वर्षदेखि संचालनमा ल्याइएको एकल बिन्दु सेवा केन्द्रलाई अधिकार सम्पन्न तुल्याई लगानी सम्बन्धी निर्णयहरू सोही केन्द्रबाट गर्ने वातावरण बनाउन सम्बन्धित मन्त्रालय तथा निकायहरूसँग विशेष पहल गरिएको।
- विदेशी लगानीमा क्रमशः सुधारका लागि वर्तमान औद्योगिक नीति, २०६८ तथा वैदेशिक लगानी सम्बन्धी नीति, २०७२ परिमार्जन गर्न सहसचिवको संयोजकत्वमा हाल एक कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको।
- हालसम्म नेपालमा बौद्धिक सम्पत्ति सम्बन्धी ऐन नभएको अवस्थामा यस सम्बन्धी कानून व्यवस्थित गर्न बौद्धीक सम्पत्ति सम्बन्धी विधेयक मन्त्रिपरिषद र संसद समक्ष यथाशीघ्र पेश गर्न गृहकार्य भइरहेको।
- औद्योगिक व्यवसाय ऐन, २०७६ लाई पूर्णतः कार्यान्वयनमा ल्याउन औद्योगिक व्यवसाय नियमावली शीघ्र मन्त्रिपरिषद् समक्ष पेश गर्ने गरी गृहकार्य अन्तिम चरणमा रहेको।

- स्वदेशी उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ र मेशीनरी वस्तुको आयात सम्बन्धी करका दरहरूमा गरिनु पर्ने सुधार हेरफेरका सम्बन्धमा सिफारिस गर्न मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक विज्ञ समिति गठन भई काम भइरहेको।
- औद्योगिक नीति तथा कानून र अर्थ नीति तथा कानूनबीच भिन्नता रहेको विषयलाई सम्बोधन गर्न यस आर्थिक वर्षको बजेट तथा आर्थिक ऐन तर्जुमा गर्दा विद्यमान भिन्नता हटाउन अर्थ मन्त्रालयसँग विशेष पहल गरेको।
- संघीय र प्रदेश सरकारबीच उद्योग र लगानी प्रर्वद्धनका विषयमा निरन्तर सहयोग र समन्वय कायम गर्न यस मन्त्रालयका उद्योग हेर्ने सचिवका संयोजकत्वमा सबै प्रदेशका प्रमुख सचिव सम्मिलित एक संयन्त्रको विकास गरिएको। यस संयन्त्र हाल सक्रिय रहेको।
- कोभिड १९ को संक्रमण जोखिम नियन्त्रण गर्न साथै अर्थतन्त्रलाई चलायमान तुल्याउन उद्योगधन्दा एवं व्यापार व्यवसायमार्फत् आर्थिक गतिविधि जारी राख्न उद्योगधन्दा, व्यापार र व्यवसायका लागि प्रोटोकल तयार गरी जारी गरिएको।
- लगानी मैत्री वातावरण सृजना गरी वैदेशिक लगानी प्रबर्द्धन गर्ने उद्देश्य सहित एकल विन्दु सेवा केन्द्र सञ्चालनमा आएको। सो केन्द्रबाट रकम फिर्ता लैजाने (Repatriation) भिसा स्वीकृति, PAN दर्ता, EXIM Code प्रदान तथा श्रम स्वीकृतिको कार्य भईरहेको।
- कम्पनी दर्ता र कम्पनी प्रशासनका कार्यहरू पूर्ण Automation मा लैजाने कार्य सुरु भएको। यसबाट त्यस्ता कर्यहरू आगामि दिनमा कागजात विहिन वन्ने र छिटो छरितो ढंगले भरपर्दो अभिलेख व्यवस्थित हुने अवस्था निर्माण हुने क्रममा रहेको।
- कम्पनी दर्ता, शेयर धनीको संख्या कम्पनीको प्रकार खुल्ने तथ्याङ्क सहितको एकीकृत डाटाबेस तयार भएको। यस अनुरुप अवदेखि प्रदेश र क्षेत्र अनुसार हरेक वर्षको कम्पनीको तथ्याङ्क विवरण उपलब्ध हुने व्यवस्था गरेको।
- कम्पनी प्रशासन अन्तर्गत कम्पनीको दर्ता, खारेजी, मर्जर, वार्षिक विवरण दर्ता लगायतका कृयाकलापहरूको वास्तविक समय रिपोर्टिङ (Real Time Reporting) हुने प्रणाली विकास गरी लागू गरिएको।
- कम्पनी दर्ता र अभिलेख सम्बन्धी कार्यहरूलाइ अधिकृतमूलक बनाइएको। यसबाट कम्पनी प्रशासन बढी भरपर्दो र जिम्मेवारीपूर्ण बन्ने क्रममा रहेको।

- उद्योग विभागमा एक छुट्टै सुविधायुक्त लगानीकर्ता सहजीकरण केन्द्र संचालनमा ल्याइएको।
- औद्योगिक लगानी प्रर्वद्धन विषयमा परामर्श गर्न मा. मन्त्रीज्यूको संयोजकत्वमा एक उच्चस्तरीय औद्योगिक तथा लगानी नीति मञ्च गठन भएको। यस समितिमा विज्ञ अर्थशास्त्रीहरू, छाता संगठनका नेतृत्वहरू र प्रतिष्ठित निर्यातकर्ताहरू समेत रहनु भएको।
- लगानीकर्ता तथा उद्योगीहरूलाई उद्योग विभागबाट दिइने सेवाहरूलाई Full Automation मा लैजाने कार्य धमाधम भइरहेको।
- नेपालमा लगानी गर्न इच्छुक विदेशी र स्वदेशी लगानीकर्ताका लागि नेपालमा लगानी किन र कसरी गर्ने भन्ने विषयमा जानकारी दिलाउन छुट्टाछुट्टै Investment Guide तथा Investment Prospects in Nepal नामक सूचनामूलक पुस्तिका सार्वजनिक गर्ने तयारी अन्तिम चरणमा रहेको।

## २१. औद्योगिक पूर्वाधारतर्फ

- ४५ वटा औद्योगिक ग्राम निर्माणका लागि सम्बन्धित गाउँपालिका तथा नगरपालिकासँग सम्झौता भई कार्यारम्भ भएको।
- चिनियाँ लगानीमा करीब २१०० बिगाहा क्षेत्रमा बन्ने बहुप्रतिक्षित दमक औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्ति कार्य अन्तिम चरणमा पुगेको। यसको DPR विकास सम्पन्न हुन लागेको। निर्माण कार्य यसै आर्थिक वर्षबाट थालिने गरी कार्य भइरहेको।
- लामो समयदेखि अवरुद्ध चितवनको शक्तिखोर, बाँकेको नौवस्ता र कञ्चनपुरको दैजी, मकवानपुरको मयूरधाप, कैलालीको लम्की औद्योगिक क्षेत्रको वातावरण मूल्यांकन प्रतिवेदन स्विकृत भएकोले निर्माण कार्य यसै वर्ष शिघ्र शुरु हुने।
- काभ्रेको पाँचखालमा विशेष आर्थिक क्षेत्रको प्रशासनिक भवन निर्माण कार्य ४५ प्रतिशत सम्पन्न भएको। सिमरा गार्मेन्ट प्रशोधन क्षेत्रभित्र प्रशासनिक तथा अन्य भवन निर्माण कार्य करिव ७० प्रतिशत सम्पन्न भएको।
- भैरहवा सेजलाई पूर्ण संचालनमा ल्याउने तयारी कार्य भइरहेको।

- अन्तरदेशीय आर्थिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम, औद्योगिक कोरिडोर र औद्योगिक क्लष्टरहरूमा रहने उद्योगहरूले के कस्ता शर्तमा के कस्ता सुविधा नेपाल सरकारबाट प्राप्त गर्ने हो, सो सम्बन्धी नीतिगत खाका तयार हुँदै गरेको।

## २२. खानीतर्फ

- धौवादी फलाम खानीको उत्पादन सञ्चालन सम्बन्धी तयारी भइरहेको।
- धौवादी फलाम खानीको फलामको वैज्ञानिक परीक्षण कार्य चीनको छेन्दुमा हालै सफलतापूर्वक सम्पन्न भएको।
- पर्वतको फलाम र तनहुँको तामा खानी अध्ययन कार्यको Geo Physical Survey कार्य सम्पन्न भएको।
- ७ प्रदेशको लागि विकास पूर्वाधार निर्माणमा उपयोगी हुने वैज्ञानिक भौगर्भिक नक्सा (Geological Map) तयार गरिएको।
- दैलेखमा पेट्रोलियम अन्वेषणको प्रारम्भिक कार्य सम्पन्न गरिएको। सो अध्ययनबाट पेट्रोलियम भण्डारको सम्भावना देखिएकोले अन्तिम विस्तृत अध्ययन प्रारम्भ गरिएको।
- थप १२ वटा खानी उद्योग सञ्चालनको अनुमति प्रदान गरिएको। त्यस्ता उद्योगमा सुन, तामा, कोईला, ग्रेनाइट र चुनढुङ्गा रहेका छन्।
- ४१ वटा भूकम्प मापन स्टेशन मार्फत ३९७४ वटा भूकम्प मापन गरिएको र सो मध्ये १०८ वटा ४ रेक्टर स्केल माथिका भूकम्प रहेका।

## २३. रुग्ण उद्योगतर्फ

- सरकारी स्वामित्वमा संचालित तथा नीजि क्षेत्रबाट संचालित रुग्ण उद्योगहरूको पुनरुत्थान तथा पुनसंचालनका लागि औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४२ बमोजिम नेपाल सरकारका पूर्व सचिवको संयोजकत्वमा एक विज्ञ समिति गठन गरिएको। यस समितिले त्यस्ता रुग्ण, रुग्णउन्मुख उद्योगका बारेमा गर्ने सिफारिसका आधारमा कार्यान्वयन गरिनेछ।
- गोरखकाली रबर उद्योगका ३५२ जना कर्मचारीको अनिवार्य अवकाश दायित्व भुक्तानी भएको र प्राविधिक पक्ष समेत विश्लेषण गरी संचालनको मोडालिटी तयार गर्ने क्रममा रहेको।

- सञ्चालनमा रहेका र नरहेका सबै सरकारी उद्योगहरूको जग्गा र सम्पत्तिको अभिलेख दुरुस्त गरिएको।

## २४. उद्यमशीलता र रोजगारी सिर्जनातर्फ

- लघु घरेलु तथा साना उद्योगहरूलाई प्रवर्द्धन गर्न लघु घरेलु तथा साना उद्योग प्रबर्द्धन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको।
- **ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) अन्तर्गत**
  - ३३५० विपन्न परिवार र वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारलाई कृषि उत्पादनमा सहयोग गरी उक्त उत्पादनलाई आपूर्ति श्रृङ्खलामा आबद्ध गरिएको।
  - ५०७४ वेरोजगार युवायुवतीहरूलाई २३ वटा रोजगारमूलक विषयमा सीपमूलक तालिम प्रदान गरी विभिन्न रोजगारी र स्वरोजगारीमा आबद्ध गराइएको।
  - १७०० श्रमिकहरूलाई औद्योगिक प्रशिक्षण र सो पश्चात सोही प्रतिष्ठानमा रोजगारीको सुनिश्चितताका लागि उद्योग वाणिज्य संघसँग सम्झौता भई विभिन्न प्रतिष्ठानहरूमा औद्योगिक प्रशिक्षण संचालन भएको।
  - सहकारी संस्थाका १२२९८ सदस्यहरूलाई वित्तीय शिक्षा तथा व्यबसायिक ज्ञान प्रदान गरिएको।
  - १७०९२ जना वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई आप्रवासी श्रोत केन्द्र तथा सूचना कक्षबाट सूचना, परामर्श तथा अभिमुखिकरण तालिम दिइएको।
- **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गत**
  - १०,७७० जना नयाँ उद्यमी सृजना गरिएको,
  - ५,२७२ जना उद्यमीको स्तरोन्नति गरिएको
  - ३९,७६९ जनालाई उद्यमशीलता तथा सीप विकास तालिम प्रदान गरिएको
  - १५,४५२ नयाँ रोजगारी सृजना भएको

## २५. नेपाल गुणस्तरतर्फ

- नेपाल गुणस्तर परिषदबाट थप ४८ वटा वस्तुमा नेपाल गुणस्तर (Nepal Standard) पारित भएको।
- ५२ वटा उद्योगका उत्पादनहरूलाई नेपाल गुणस्तर (Nepal Standard) इजाजत प्रदान गरिएको।
- ४ वटा बस्तुहरू रबरहोस् पाईप, जस्ता पाता, PVC Multistrand Cable र ४३ तथा ५३ ग्रेड सिमेन्टको अनिवार्य गुणस्तर स्वीकृत भई आयात र स्वदेशी उत्पादनमा प्रयोगमा आएको।
- कोभिड-१९ ले सृजना गरेको चुनौतीलाई ध्यानमा राखी मास्क, पन्जा, पीपीई लगायत स्वास्थ्य सुरक्षासंग सम्बन्धित वस्तुहरूमा नेपाल गुणस्तर निर्धारण भएको
- बजार र उद्योगमा अनुगमन गरी वस्तुको नाप र तौल परीक्षण गर्दा अनियमिततामा संलग्न भएका ४१ वटा उद्योगी र व्यवसायी विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरिएको।
- नेपाल गुणस्तर लिएका तर सोको प्रावधानको उल्लङ्घन गर्ने २२ वटा वस्तुहरूको नेपाल गुणस्तर (Nepal Standard) को इजाजत स्थगन र खारेज गरिएको।
- OPC Cement को ४३ र ५३ ग्रेड सम्बन्धी अनिवार्य नेपाल गुणस्तर निर्धारण गरिएको। यसबाट नेपालमा हुने उत्पादन साथै आयातमा यस सम्बन्धी मापदण्ड अनिवार्य रुपमा लागू हुने र उपभोक्ताका लागि गुणस्तरीय सिमेण्ट तय गरिएको।
- जगदम्बा छड कम्पनीको टिएमटी छड उत्पादनमा देखिएको गुणस्तरहिनतालाई ध्यानमा त्यस कम्पनीको उक्त उत्पादन रोक्का राखिएको र गुणस्तरहीन करीब ३०० टन छड हाल नष्ट गर्ने कार्य चलिरहेको।

## २६. व्यापार पूर्वाधारतर्फ

- कञ्चनपुरको दोधारा चाँदनीमा सुख्खा बन्दरगाह निर्माणस्थलको लागि तीन विकल्पहरूको अध्ययन गरी उपयुक्त विकल्प छनौट गर्ने र जमीन उपलब्ध गराउने प्रक्रिया शुरु गरिएको।
- चोभारमा निर्माणाधीन सुख्खा बन्दरगाहको मुख्य परिसरको निर्माण कार्य ४१ प्रतिशत र भवन तथा क्वाटरको निर्माण कार्य ५१ प्रतिशत सम्पन्न भएको।
- चोभारमा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिएको।

- तातोपानी सुख्खा बन्दरगाहको निर्माण सम्पन्न भइ नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीले सञ्चालन तथा व्यवस्थापन कार्य शुरु।
- भैरहवा र नेपालगञ्जमा एकीकृत जाँच चौकी (ICP) निर्माणको लागि IEE सम्पन्न भएको र नेपालगञ्ज ICP को निर्माण कार्य यही अक्टोबरदेखि शुरु हुने चरणमा पुगेको।
- आयात निर्यात सहजीकरणको लागि National Single Window निर्माण भइरहेको र यो प्रणालीको गुणस्तर परिक्षणका लागि परामर्शदातासँग सम्झौता भएको,
- विराटनगर एकीकृत जाँच चौकीको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको।
- बीरगञ्ज सुक्खा बन्दरगाह र विराटनगर एकीकृत जाँच चौकी सञ्चालनका लागि क्रमशः रु. ३ अर्ब ३३ करोड र रु. ३० करोड ६० लाखमा ठेक्का दिइएको।
- नेपालमा आयात हुने वस्तुहरू मध्ये सेफ गाड्र्स, एण्टिडम्पिङ्ग र काउन्टरभेलिङ शुल्क लगाउनु पर्ने वस्तुहरूको पहिचानको लागि अध्ययन भइरहेको।
- चीनको बन्दरगाहमार्फत् तेस्रो मुलुकसँग व्यापार शूरु गर्ने प्रक्रिया अगाडि बढाइएको।
- मुस्ताङको कोरलामा सुक्खा बन्दरगाह निर्माणको सम्भाव्यता अध्ययनको लागि चीन सरकारसँग समन्वय गरिएको।
- व्यापारको समग्र पक्ष (उत्पादन, बजारीकरण, वितरण, निर्यात, आयात) लाई सहयोग पुग्ने गरी लजिष्टिक नीति तयारीको कार्य शुरु गरिएको।

**२७. व्यापार विस्तारतर्फ**

- बङ्गलादेशमा वाणिज्य सचिवस्तरीय व्यापार तथा पारवहन सम्बन्धी बैठक सम्पन्न भई दुईवटा समझदारीपत्रमा हस्ताक्षर भएको।
- नेपाल-बङ्गलादेश वाणिज्य सचिवस्तरीय बैठक आगामी अक्टोबर ६-७ मा Virtual माध्यमबाट हुने गरी तय भएको। यो बैठकमा सौविध्यपूर्ण व्यापार लगायतका विषयमा छलफल हुने कार्यसूची रहेको।
- काठमाडौं र भारतको नयाँ दिल्लीमा नेपाल-भारत व्यापार र पारवहन सम्बन्धमा सहसचिवस्तरीय द्विपक्षीय बैठक सम्पन्न भएको।

- नेपाल-भारत रेल सेवा सम्झौता वार्ता सम्पन्न भई सन् २०२७ सम्मलाई नविकरण भएको।
- नेपाल-भारत वाणिज्य सचिवस्तरीय बैठकको तयारीका कार्य शुरु गरिएको। दुवै पक्षको सहमतिमा मिति तय हुने भएको।
- कोभिड-१९ का कारण घोषणा गरिएको बन्दाबन्दीको समयमा SAARC स्तरीय Video Conference गरी वैदेशिक व्यापार सहजीकरण गरिएको।
- नेपाल-चीन व्यापार संयुक्त कार्यदलको पहिलो बैठक Virtual माध्यमबाट सम्पन्न भएको।
- कोभिड-१९ का कारण बन्द रहेका चीन तर्फको रसुवागढी र तातोपानी नाका सञ्चालन गर्न सहजीकरण गरिएको।
- भूटान, बङ्गलादेश र चीनसँग व्यापारसम्बन्धी बैठक सम्पन्न भएको।
- संयुक्त राज्य अमेरिकासँग सम्पन्न Trade and Investment Framework Agreement को कार्यान्वयनका लागि समन्वय भइरहेको। आगामी बैठक Virtual माध्यमबाट गर्ने गरी छलफल अगाडि बढाइएको।
- नेपाल व्यापार एकीकृत रणनीति (NTIS) २०७३ ले पहिचान गरेका कार्पेट, पश्मिना, छालाका वस्तुहरू, यार्न र जुत्ता चप्पलको समग्र मूल्य शृङखला विकासका लागि ती सँग सम्बन्धित वस्तुगत संघहरूसँग समझदारी पत्रमा हस्ताक्षर भएको।
- निर्यात व्यापरमा सहजीकरण र प्रवर्द्धन गर्न निर्यात गृह सञ्चालनमा ल्याउन कार्यविधि तयारी अन्तिम चरणमा पुगेको।
- चीनको संघाई शहरमा आयोजना भएको CIIE (China International Import Expo) 2019 मा १३६ वर्ग मिटर क्षेत्रमा नेपाल पेभिलियन निर्माण गरी नेपाल हस्तकला महासंघ, स्वच्छ व्यापार संघ तथा विभिन्न १४ वटा उत्पादक कम्पनीहरू सहभागी भएका।
- भारतको राजधानी नयाँ दिल्लीमा आयोजना भएको India International Trade Fair, 2019 मा ३६ बर्ग मिटर क्षेत्रमा नेपाल पेभिलियन निर्माण गरी ८ वटा फर्म कम्पनी एवं व्यवसायीहरू बाट सहभागिता भएको।
- जर्मनीको ह्यानोभर शहरमा जनवरी १० देखि १३, २०२० सम्म आयोजना भएको Domotex मा ९० वर्ग मिटर क्षेत्रमा नेपाल पेभिलियन निर्माण गरी नेपाल गलैचा तथा

निकासीकर्ता संघ तथा ६ वटा गलैचा उद्योगहरू बाट सहभागिता भएको, साथै B2B बैठक सम्पन्न भएको।

- निकासी क्षमता अभिवृद्धि गर्नको लागि साना तथा मझौला उद्यमी व्यवसायीहरूलाई सहभागी गराई चितवन जिल्लामा २० जनालाई सम्भाव्य अन्तरष्ट्रिय बजार खोजी (Potential International Market Access) विश्लेषण सम्बन्धी ४ दिने तालिम प्रदान गरिएको।
- निकासी योग्य वस्तुहरूको अन्तराष्ट्रिय व्यापारमा सहजीकरण गर्न विज्ञ टोली गठन भएको।
- पाम तेलको उत्पत्तिको प्रमाणपत्र जारी भएको विषयमा यसको उत्पादन प्रक्रिया तथा मूल्य अभिवृद्धिका आधारहरूका बारेमा अध्ययन प्रतिवेदन तयार भएको।
- नेपालबाट निर्यात हुने प्रमुख १० वस्तुहरू र सम्भाव्य देशहरूको बारेमा विस्तृत अध्ययन गरी समस्या पहिचान र लिनुपर्ने कदमहरूका बारेमा विश्लेषण गरिएको।
- निर्यात प्रोत्साहनका लागि अपनाउनुपर्ने थप उपायहरूका बारेमा अध्ययन गरिएको।
- वाणिज्य नीति, २०७२ लाई समयानुकूल बनाउन गर्नुपर्न सुधारका लागि अध्ययन भइरहेको।

## २८. आन्तरिक व्यापार र आपूर्तितर्फ

- वाणिज्य विभागमा टोकन प्रणाली प्रयोगमा ल्याइएको, गुनासो सुनुवाईको लागि मोवाइल एप्स र टोल फ्रि नं. सञ्चालनमा ल्याइएको, उपभोक्ता हेल्प डेस्क राखिएको।
- व्यावसायिक फर्महरूको नवीकरण लगायतका कार्यहरूका लागि SMS Notification शुरू गरिएको।
- उपभोक्ता जागरण कार्यक्रम अन्तर्गत ५२ वटा विद्यालयहरूमा उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गरिएको। उपभोक्ता हित सम्बन्धमा सरोकारवालाहरूबीच ४ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- दुर्गम क्षेत्रमा १४,४३० मेट्रिक टन खाद्यान्न र ७४,९९७ क्विन्टल नुन ढुवानी भएको।
- १,८७१ व्यवसायिक फर्महरू अनुगमन गरी ५८३ ओटा फर्महरूलाई कारबाही स्वरुप रु. ३ करोड ४७ लाख ३३ हजार ५ सय जरिवाना गरिएको।

- वस्तु प्रत्यक्ष विक्री सम्बन्धी कार्य गर्ने विभिन्न ७ फर्महरू दर्ता गरिएको।
- उपभोक्ता हक हित संरक्षणको लागि १,९१५ वटा फर्ममा बजार अनुगमन गरेको।
- निर्यात प्रवर्द्धन, लगानी अभिवृद्धि, रोजगारीको अवसरको सृजना गर्ने विभिन्न २५ व्यवसायी, संघसंस्था र ती संस्थाका प्रतिनिधिहरू लाई महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) द्वारा सम्मान गरिएको।
- भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइन निर्माण भई सो पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुन थालेको।
- कोभिड-१९ का कारण घोषणा गरिएको बन्दाबन्दीको  समयमा देशभरीको आपूर्ति ब्यबस्था सहज बनाइएको।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट खाद्यान्नको अनलाइन डेलिभरी सेवा शुरु भएको।
- देशभित्र उत्पादित तरकारी लागायत खाद्यान्नको बजार पहुँचका लागि सरोकारवाला मन्त्रालय तथा संस्थासँग समन्वय गरी बजारीकरण गरीएको।
- उपभोग्य खाद्यवस्तुहरूको देशभित्रको उत्पादन, आवश्यकता, उपभोग र उपलब्धता समेतको एकीकृत तथ्याङ्क प्रणालीको विकास गर्ने कार्य शुरु गरिएको।
- बजार अनुगमनलाई पारदर्शी र प्रभावकारी बनाउन बजार अनुगमन निर्देशिका र अनुगमनकर्ताहरूको आचारसंहिता तयार गरी सरोकारवालाहरूको सुझाव लिइएको। अर्को हप्तादेखि नै यिनलाई कार्यान्वयनमा ल्याउने तयारी गरिएको।

**२९. सार्वजनिक उद्योग**

- आर्थिक वर्ष २०७६/७७ मा उदयपुर सिमेण्ट उद्योगबाट ८३,१२६.३५ मेट्रिक टन सिमेन्ट उत्पादन भएको।
- आर्थिक वर्ष २०७६/७७ मा हेटौडा सिमेण्ट उद्योगबाट ८३,०७४.१२५ मेट्रिक टन सिमेन्ट उत्पादन भएको।

- नेपाल औषधी लिमिटेडले सिटामोल, जीवनजल, डिष्टिल्ड वाटर, सिटाप्लस, ग्लिसिरिन आदि उत्पादन गर्दै आएकोमा यस आर्थिक बर्ष २०७६/७७ मा Hand Sanitizer समेत उत्पादन तथा बिक्री थप गरी रु. २ करोड ६४ लाख आम्दानी गरेको।
- धरान, राजविराज, हेटौंडा, पाटन, बालाजु, भक्तपुर, पोखरा, बुटवल, नेपालगञ्ज र वीरेन्द्रनगरमा भएका १० औद्योगिक क्षेत्रहरूमा विभिन्न विषयका ७०६ उद्योगहरू संचालन भई वस्तु तथा सेवा उत्पादन हुँदै आएको।

**३०. व्यवस्थापन तथा सुशासन तर्फ**

- लामो समयदेखि रिक्त संस्थान प्रमुख पद खुला प्रतिस्पर्धाका माध्यमबाट पदपूर्ति गर्ने क्रममा विशेष आर्थिक क्षेत्र प्राधिकरण (सेज), नेपाल पारवहन तथा गोदाम कम्पनी लि., नेपाल ईण्टरमोडल यातायात विकास समिति र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. को कार्यकारी प्रमुख नियुक्तिको प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गरिएको। यसैगरी नेपाल औषधी लि., उदयपुर सिमेण्ट कम्पनी र हेटौडा सिमेण्ट कम्पनी लि. को नियुक्तिका लागि छनौट प्रक्रियामा रहेको।
- मन्त्रालयमा भएको बेरुजु कूल ५५ प्रतिशत फछ्यौंट भएको।
- हेलो सरकार र अन्यत्रबाट प्राप्त गुनासोहरूको फछ्यौंट १०० प्रतिशत गरिएको।
- मन्त्रालय अन्तर्गतका सबै संस्थानहरूमा हुने खर्च घटाउन, क्षमता विकास गर्न र सुशासन कायम राख्न मन्त्रालयले १४ बुँदे निर्देशन जारी गरेको।
- मन्त्रालय अन्तरगतका संस्थानहरूमा मन्त्रालयका तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरूका लागि आचारसंहिता बनाई लागू गराइएको।
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रलाई मर्जर गर्ने कार्य यस आर्थिक वर्षमा सम्पन्न गर्ने गरी शुरु गरिएको।

**३१. अन्य**

- स्वदेशी उत्पादनमा आत्मनिर्भर हुनसक्ने २० वटा वस्तुहरू पहिचान गरी अध्ययन भइरहेको।

- मरिच, छोकडा, सुपारी, केराउ तयारी मदिरा आयात प्रतिबन्ध गर्न सूचित आदेश जारी गरिएको।
- कोभिड-१९ ले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा पार्ने असर सम्बन्धमा अध्ययन गरी प्रारम्भिक प्रतिवेदन तयार भएको।
- उखु किसानका समस्या र त्यसको समाधानको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार भएको।